# वन पैदावार विकास समिति (गठन) (पाँचौ संशोधन) आदेश, २०६०

.ावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी छ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम " वन पैदावार विकास समिति (गठन) (पाँचौ संशोधन) आदेश, २०६०" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधन: वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएकोछ:-

"२ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको वन पैदावार विकास समिति सम्झनु पर्छ।

(ख) "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत सागरनाथ वन विकास परियोजना र नेपालगन्ज-वन विकास परियोजना सम्झनु पर्छ।

(ग) "कार्यकारी अध्यक्ष" भन्नाले दफा ५क बमोजिम नियुक्त कार्यकारी अध्यक्ष सम्झनु पर्छ।"

मूल आदेशको दफा ३ मा संशोधन: मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछ:-

"३. वन पैदावार विकास समिति: (१) परियोजना सञ्चालन गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहेको एक वन पैदावार विकास समितिको गठन गरिएको छ:-

| | | |
|---|---|---|
| (क) | कार्यकारी अध्यक्ष | - अध्यक्ष |
| (ख) | प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (ग) | प्रतिनिधि, वन विभाग | - सदस्य |

(२) समितिले विशेषज्ञलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यकारी अध्यक्षले तोकेको समितिको वरिष्ठ कर्मचारीले समितिको सचिवको काम गर्नेछ।"

मूल आदेशमा दफा ५क. थप: मूल आदेशको दफा ५. पछि देहायको दफा ५क थपिएकोछ:-

"५क. कार्यकारी अध्यक्ष: (१) श्री ५ को सरकारले स्नातकोत्तर उपाधि हासिल गरेको तथा व्यवस्थापन, प्रशासन वा वन क्षेत्रमा कम्तीमा दशवर्ष काम गरेको अनुभव भएको व्यक्ति मध्येबाट समितिको प्रमुख प्रशासकीय अधिकारीको रुपमा कार्यकारी अध्यक्ष नियुक्त गर्नेछ।

(२) कार्यकारी अध्यक्षको पदावधि दुईवर्षको हुनेछ।

(३) कार्यकारी अध्यक्षको सेवाका शर्त र सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।"

५. मूल आदेशको दफा ९ मा संशोधन: मूल आदेशको दफा ९. को सट्टा देहायको दफा ९. राखिएकोछ:-

"९. समितिको बैठक सम्बन्धी कार्यविधि: (१) समितिको बैठक कार्यकारी अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) समितिको बैठक कार्यकारी अध्यक्षको अध्यक्षतामा बस्नेछ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ।

(३) समितिको निर्णय कार्यकारी अध्यक्षले प्रमाणित गर्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

डा. प्रेम नारायण कंडेल
सचिव

# वन पैदावार विकास समिति (गठन) (पाँचौ संशोधन) आदेश, २०६०

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वन पैदावर विकास समिति (गठन। पांचौ संशोधन आदेश. २०६०" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन पैदावर विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधनः वन पैदावर विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएकोछ :-

"२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको वन पैदावर विकास समिति सम्झनु पर्छ ।

(ख) "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत सागरनाथ वन विकास परियोजना र नेपालगन्ज वन विकास परियोजना सम्झनु पर्छ ।

(ग) "कार्यकारी अध्यक्ष" भन्नाले दफा ५क बमोजिम नियुक्त कार्यकारी अध्यक्ष सम्झनु पर्छ ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मुल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछ :-

"३ वन पैदावर विकास समितिः (१) परियोजना सञ्चालन गर्न देहाय बमोजिमका अध्यक्षा तथा सदस्यहरू रहेको एक वन पैदावर विकास समितिको गठन गरिएको छः-

| | |
|---|---|
| (क) कार्यकारी अध्यक्ष | - अध्यक्ष |
| (ख) प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (ग) प्रतिनिधि, वन विभाग | - सदस्य |

(२) समितिले विशेषज्ञलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(३) कार्यकारी अध्यक्षले तोकेको समितिको बरिष्ठ कर्मचारीले समितिको सचिवको काम गर्नेछ ।"

४. मूल आदेशमा दफा ५क. थपः मुल आदेशको दफा ५. पछि देहायको दफा ५क थपिएकोछ :-

"५क कार्यकारी अध्यक्षः (१) श्री ५ को सरकारले स्नातकोत्तर उपाधि हासिल गरेको तथा व्यावस्थापन, प्रशासन वा वन क्षेत्रमा कम्तीमा दशवर्ष काम गरेको अनुभव भएको व्यक्ति मध्येबाट समितिको प्रमुख प्रशासकीय अधिकारीको रुपमा कार्यकारी अध्यक्ष नियुक्त गर्नेछ ।

(२) कार्यकारी अध्यक्षको पदावधि दुईवर्षको हुनेछ ।

(३) कार्यकारी अध्यक्षको सेवाका शर्त र सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।"

५. मूल आदेशको दफा ९ मा संशोधनः मूल आदेशको दफा ९ को सट्टा देहायको दफा गखिएकोछ :-

"९ समितिको बैठक सम्बन्धी कार्यविधिः (१) समितिको बैठक कार्यकारी अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) समितिको बैठक कार्यकारी अध्यक्षको अध्यक्षमा बस्नेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(३) समितिको निर्णय कार्यकारी अध्यक्षले प्रमाणित गर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"